# कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी प्रथम पुनरावृत्ति (follow-up) सर्वेक्षणको प्रतिवेदन




## नेपाल राष्ट्र बैंक

### आर्थिक अनुसन्धान विभाग

मंसिर २०७७

# प्राक्कथन

१. सन् २०१९ को डिसेम्बरबाट शुरु भएको कोभिड–१९ महामारीका कारण विश्व अर्थतन्त्रमा ठूलो क्षति पुग्न गयो । नेपालले पनि महामारी रोकथामका लागि चैत ११ गतेदेखि बन्दाबन्दी लगायतका उपायहरु अवलम्वन गऱ्यो । कोभिड-१९ का कारण आर्थिक वर्ष २०७६/७७ मा नेपालको आर्थिक वृद्धि पनि न्यून रहन गयो ।

२. कोभिड–१९ ले व्यवसायमा पारेको असर अध्ययन गर्न यस बैंकले २०७७ जेठ २६ गतेदेखि असार १० गतेसम्म ५२ जिल्लाका ६७४ उद्योगी/व्यवसायीहरुबाट तथ्याङ्क संकलन गरी सोको प्रतिवेदन सार्वजनिक गरेको थियो । सो सर्वेक्षणले बन्दाबन्दी पश्चात औसतमा ६१.०३ प्रतिशत उद्योग/व्यवसायहरु सञ्चालन हुन नसकेको र ४.१ प्रतिशत उद्योग/व्यवसायहरु मात्र पूर्ण रुपमा सञ्चालनमा रहेको देखाएको थियो ।

३. नेपाल सरकारले कोभिड–१९ नियन्त्रणका मापदण्डहरु खुकुलो बनाउँदै लगेका कारण व्यवसायहरु क्रमिक रुपमा सञ्चालनमा आउन थालेका छन् । व्यवसाय सञ्चालन सम्बन्धी पछिल्लो वस्तुस्थिति बारे अघिल्लो सर्वेक्षणमा सहभागी व्यवसायीहरुबाट पुनः तथ्याङ्क संकलन गरी तुलनात्मक अध्ययन गर्न २०७७ कात्तिक १३ देखि २०७७ मंसिर २४ सम्म पुनरावृत्ति सर्वेक्षण सम्पन्न गरिएको थियो ।

४. पुनरावृत्ति सर्वेक्षणले २०७७ असारको सर्वेक्षणको तुलनामा उद्योग/व्यवसायको सञ्चालन स्थिति तथा उत्पादन र व्यावसायिक कारोबारमा सुधार आएको देखाएको छ । यस सर्वेक्षणले ५४ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा सञ्चालनमा आएको देखाएको छ । कोभिडपूर्वको तुलनामा गत असारमा २८.७७ प्रतिशत मात्र रहेको उत्पादन /कारोबार स्थिति यो सर्वेक्षण सम्पन्न हुँदा ५०.५१ प्रतिशत पुगेको छ भने रोजगारीको अवस्थामा समेत सुधार आई ७७.५० प्रतिशत बाट ८७.५१ प्रतिशत पुगेको छ ।

५. अन्त्यमा, सर्वेक्षणलाई सफलतापूर्वक सम्पन्न गर्न मार्गदर्शन गर्नुहुने श्रीमान गभर्नरज्यू तथा डेपुटी गभर्नरज्यूहरुप्रति धन्यवाद ज्ञापन गर्दछु । सर्वेक्षणमा पुनः सहभागी हुनु हुने उद्यमी तथा व्यवसायीहरु विशेष धन्यवादका पात्र हुनुहुन्छ । यस अध्ययनलाई सम्पन्न गर्न सहयोग गर्नु हुने का. मु. निर्देशक माधव दंगाल, उप-निर्देशक सिद्धराज भट्ट तथा सहायक निर्देशकद्वय राम चन्द्र आचार्य र रोलेन्द्र विक्रम जबेगू लगायत आर्थिक अनुसन्धान विभागका कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । सर्वेक्षणका क्रममा तथ्याङ्क संकलन गरी सहयोग पुऱ्याउनु हुने निर्जल घिमिरे, पूर्ण प्रसाद भण्डारी, देवी भण्डारी, मान सिंह तामाङ्ग, ऋषि राम कोइराला, शरीष मान जोशी, सोनी अधिकारी, रोहन व्यञ्जनकार, लक्ष्मण खतिवडा तथा कुशल ढकाललाई धन्यवाद दिन चाहन्छु । सर्वेक्षणबाट प्राप्त सूचना एवम् जानकारी सम्बद्ध सबैका लागि उपयोगी हुने विश्वास गरेको छु ।

डा. गुणाकर भट्ट
कार्यकारी निर्देशक

## विषय सूची

प्राक्कथन

**क. सर्वेक्षणको परिचय**......................................................१

**ख. सर्वेक्षण विधि र संरचना**..................................................१

**ग. सर्वेक्षणको नतिजा** ......................................................२

**घ. निष्कर्ष**..................................................................७

## तालिका तथा चार्टहरु

तालिका १ : औद्योगिक वर्गीकरण अनुसार नमुना संख्या (प्रतिशत) २

तालिका २ : उद्योग/व्यवसायको आकारअनुसार नमुना संख्या २

तालिका ३ : औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडिको तुलनामा व्यवसाय सञ्चालनको अवस्था (प्रतिशत) ३

तालिका ४ : उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडिको तुलनामा व्यवसाय सञ्चालनको अवस्था (प्रतिशत) ४

तालिका ५ : औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडिको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत) ४

तलिका ६ : उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडिको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत) ५

तालिका ७ : उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडिको तुलनामा रोजगारीको अवस्था (प्रतिशत) ५

तालिका ८ : औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडिको तुलनामा औसत तलब–ज्याला खर्च (प्रतिशत) ६

तालिका ९ : उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडिको तुलनामा औसत तलब–ज्याला खर्च (प्रतिशत) ६

तालिका १० : प्राप्त सहुलियत/सुविधाहरुको प्राथमिकता ७

तालिका ११ : उद्योग/व्यवसायहरुले भोगेका समस्याहरु ७

## क. सर्वेक्षणको परिचय

१. कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रण गर्न २०७६ चैत ११ गतेदेखि अवलम्बन गरिएको बन्दाबन्दी लगायतका उपायहरुका कारण आर्थिक क्रियाकलापहरु प्रभावित हुन पुगे । संक्रमण रोकथामका लागि अपनाइएका गैर स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डहरुलाई क्रमशः खुकुलो बनाउँदै लगिएसँगै आर्थिक गतिविधि सञ्चालनमा सहजता आएको छ ।

२. बन्दाबन्दीका कारण उद्योग व्यवसायमा परेको असर अध्ययन गर्न यस बैंकले २०७६ असारमा एक सर्वेक्षण सम्पन्न गरी सोको प्रतिवेदन सार्वजनिक गरेको थियो । विभिन्न उद्योग/व्यवसाय सञ्चालन गर्ने साना-ठूला गरी जम्मा ६७४ उद्योग/व्यवसायहरु सर्वेक्षणमा समावेश भएका थिए ।

३. २०७७ असारपछि सरकारले बन्दाबन्दीको व्यवस्थामा क्रमशः खुकुलो गर्दै लगेकोले उद्योग व्यवसायको गतिविधि पनि सुधार हुँदै गएको स्थिति छ । तसर्थ, पछिल्लो व्यावसायिक स्थिति अद्यावधिक गर्ने उद्देश्यले २०७७ असारको सर्वेक्षणमा समावेश मुलभुत प्रश्नावली र उत्तरदाताहरु समावेश गरी यो सर्वेक्षण सम्पन्न गरिएको छ ।

## ख. सर्वेक्षण विधि र संरचना

४. प्रस्तुत सर्वेक्षण २०७७ कात्तिक र मंसिरमा टेलिफोन अन्तरवार्तामार्फत सम्पन्न गरिएको छ । गत असारमा सहभागी ६७४ उत्तरदाताहरुमध्ये करिब ९० प्रतिशत अर्थात् ६०४ जना उद्योगी/व्यवसायीहरुले यस सर्वेक्षणमा सहभागिता जनाएका छन् ।

५. यस सर्वेक्षणमा यस बैंकद्वारा २०७७ असारमा प्रकाशित "कोभिड–१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदन" मा उल्लेख भए अनुसारका औद्योगिक क्षेत्रहरु र सो अनुसारको भाराङ्क प्रयोग गरिएको छ ।

६. सर्वेक्षणमा औद्योगिक वर्गीकरण अनुसार थोक तथा खुद्रा व्यापारबाट सर्वाधिक २९.३ प्रतिशत, उत्पादनमुलक उद्योगबाट १७.२ प्रतिशत र होटल तथा रेष्टुरेन्टबाट १६.७ प्रतिशत नमुना प्राप्त भएका छन् । सबैभन्दा कम विद्युत्, ग्याँस तथा पानी क्षेत्रबाट ०.५ प्रतिशत र खानी तथा उत्खनन क्षेत्रबाट करिब १ प्रतिशतको सहभागिता रहेको छ । अध्ययनले समेटेका सबै औद्योगिक क्षेत्रको नमुना संख्याको प्रतिशत असारको तुलनामा लगभग समान रहेको छ (तालिका १) ।

**तालिका १: औद्योगिक वर्गीकरणअनुसार नमुना संख्या (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | असार | मंसिर |
|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ५.६४ | ५.४६ |
| खानी तथा उत्खनन | ०.८९ | ०.९९ |
| उत्पादनमूलक उद्योग | १८.२५ | १७.२२ |
| विद्युत्, ग्याँस तथा पानी | ०.७४ | ०.५० |
| निर्माण | ३.५६ | २.९८ |
| थोक तथा खुद्रा व्यापार | २८.१९ | २९.३० |
| होटल तथा रेष्टुरेन्ट | १६.४७ | १६.७२ |
| यातायात तथा भण्डारण | २.५२ | २.६५ |
| सञ्चार | १.६३ | १.८२ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | १.३४ | १.३२ |
| शिक्षा | ६.९७ | ७.२८ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | १.९३ | १.९९ |
| अन्य क्षेत्रहरु | ११.८७ | ११.७५ |

७. सर्वेक्षणमा उद्योग/व्यवसायको आकारको आधारमा सर्वाधिक (४२.७ प्रतिशत) उत्तरदाता लघु उद्यम/साना खुद्रा व्यापार समूहका रहेका छन् भने सबैभन्दा थोरै (४ प्रतिशत) उत्तरदाता ठूला उद्योग समूहका रहेका छन् । उद्योग/व्यवसायको आकारको आधारमा पनि नमुना संख्याको प्रतिशत असारको तुलनामा लगभग समान रहेको छ (तालिका २) ।

**तालिका २ : उद्योग/व्यवसायको आकारअनुसार नमुना संख्या**

| उद्योग/व्यवसायको आकार | असार | मंसिर |
|---|---|---|
| घरेलु उद्योग | २१.६६ | २१.६९ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ४२.७३ | ४२.७२ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | २३.२९ | २३.५१ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ८.०१ | ८.११ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ४.३० | ३.९७ |

## ग. सर्वेक्षणको नतिजा

८. गत असारको तुलनामा उद्योग/व्यवसाय सञ्चालनको अवस्थामा सुधार आएको पाइएको छ । कोभिडपूर्वको तुलनामा गत असारमा ४ प्रतिशत मात्र उद्योग/व्यवसायहरु पूर्ण रुपमा सञ्चालनमा रहेकोमा मंसिरमा बढेर करिब ५४ प्रतिशत पुगेको देखिएको छ । अझै पनि ९.१ प्रतिशत उद्योग/व्यवसायहरु सञ्चालनमा आउन नसकेको देखिन्छ (तालिका ३) ।

**तालिका ३ः औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडीको तुलनामा व्यवसाय सञ्चालनको अवस्था (प्रतिशत)**

| | असार | | | मंसिर | | |
|---|---|---|---|---|---|---|
| **औद्योगिक वर्गीकरण** | **सञ्चालन हुन नसकेको** | **आंशिक सञ्चालन** | **पूर्ण सञ्चालन** | **सञ्चालन हुन नसकेको** | **आंशिक सञ्चालन** | **पूर्ण सञ्चालन** |
| कृषि, वन तथा मत्स्यपालन | १५.७९ | ५२.६३ | ३१.५८ | ३.०३ | ३३.३३ | ६३.६४ |
| खानी तथा उत्खनन | १६.६७ | ६६.६७ | १६.६७ | ३३.३३ | ३३.३३ | ३३.३३ |
| उत्पादनमूलक उद्योग | ३४.१५ | ६०.१६ | ५.६९ | ८.६५ | ४२.३१ | ४९.०४ |
| विद्युत्, ग्याँस तथा पानी | ४०.०० | ६०.०० | ०.०० | ३३.३३ | ०.०० | ६६.६७ |
| निर्माण | ५८.३३ | ३७.५० | ४.१७ | ५.५६ | ५०.०० | ४४.४४ |
| थोक तथा खुद्रा व्यापार | ५७.८९ | ४०.०० | २.११ | ३.३९ | ३१.६४ | ६४.९७ |
| होटल तथा रेष्टुरेन्ट | ९०.९९ | ७.२१ | १.८० | २३.७६ | ४६.५३ | २९.७० |
| यातायात तथा भण्डारण | ७६.४७ | २३.५३ | ०.०० | १२.५० | ३७.५० | ५०.०० |
| सञ्चार | २७.२७ | ४५.४५ | २७.२७ | ९.०९ | ५४.५५ | ३६.३६ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ८८.८९ | ११.११ | ०.०० | २५.०० | ३७.५० | ३७.५० |
| शिक्षा | ९५.७४ | ४.२६ | ०.०० | २९.५५ | ५९.०९ | ११.३६ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ७.६९ | ६९.२३ | २३.०८ | ८.३३ | ३३.३३ | ५८.३३ |
| अन्य क्षेत्रहरु | ७८.७५ | १५.०० | ६.२५ | ११.२७ | ३९.४४ | ४९.३० |
| **राष्ट्रिय औसत** | **६१.०३** | **३४.९२** | **४.०५** | **९.०७** | **३६.९८** | **५३.९५** |

९. गत असारको तुलनामा उद्योग/व्यवसायको आकार अनुसार सबै प्रकारका उद्योग/व्यवसायको सञ्चालन अवस्थामा सुधार आएको देखिन्छ । तर, साना तथा मझौला उद्योगको तुलनामा अधिकांश ठूला उद्योगहरुको सञ्चालन अवस्थामा उल्लेख्य सुधार आएको छ (तालिका ४) ।

**तालिका ४: उद्योग/व्यवसायको आकार अनुसार कोभिड महामारी अगाडीको तुलनामा व्यवसाय सञ्चालनको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | असार | | | मंसिर | | |
|---|---|---|---|---|---|---|
| | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन |
| घरेलु उद्योग | ६३.७० | ३३.५६ | २.७४ | १६.७९ | ३६.६४ | ४६.५६ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ६१.८१ | ३२.२९ | ५.९० | ८.१४ | ४०.३१ | ५१.५५ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | ६३.६९ | २८.६६ | ७.६४ | १४.०८ | ४७.१८ | ३८.७३ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ४४.४४ | ५०.०० | ५.५६ | १२.२४ | ३८.७८ | ४८.९८ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ४८.२८ | ४४.८३ | ६.९० | ८.३३ | १६.६७ | ७५.०० |
| **राष्ट्रिय औसत** | **६१.०३** | **३४.९२** | **४.०५** | **९.०७** | **३६.९८** | **५३.९५** |

१०. गत असारको तुलनामा उद्योग/व्यवसायहरुको उत्पादन/कारोबारको अवस्थामा सुधार आएको छ । कोभिड महामारी अगाडिको तुलनामा गत असारमा औसतमा करिब २९ प्रतिशत मात्र उत्पादन/कारोबार रहेकोमा मंसिरसम्म आइपुग्दा यस्तो उत्पादन बढेर औसतमा ५० प्रतिशतभन्दा बढी पुगेको छ । गत असारको तुलनामा अध्ययनले समेटेका सबै क्षेत्रहरुको उत्पादन/कारोबार बढेको पाइएको छ (तालिका ५) ।

**तालिका ५: औद्योगिक वर्गीकरण अनुसार कोभिड महामारी अगाडिको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | असार | मंसिर |
|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ५८.०८ | ७१.९७ |
| खानी तथा उत्खनन | ४०.०० | ५२.५० |
| उत्पादनमूलक उद्योग | ४१.१९ | ६१.९३ |
| विद्युत, ग्याँस तथा पानी | ६४.०० | ९२.५० |
| निर्माण | ३९.५९ | ५४.८३ |
| थोक तथा खुद्रा व्यापार | ३१.४९ | ५७.२२ |
| होटल तथा रेष्टुरेन्ट | ७.१३ | १८.११ |
| यातायात तथा भण्डारण | १५.७२ | ५५.०० |
| सञ्चार | ३३.१८ | ४२.२७ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | १२.२२ | ४६.४३ |
| शिक्षा | १८.३४ | ३७.५८ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ४०.७६ | ५२.०० |
| अन्य क्षेत्रहरु | २१.७५ | ४४.२० |
| **राष्ट्रिय औसत** | **२८.७७** | **५०.५१** |

११. गत असारको तुलनामा उद्योग/व्यवसायको आकार अनुसार पनि सबै प्रकारका उद्योग/व्यवसायको उत्पादन/कारोबार बढेको पाइएको छ। (तालिका ६)।

**तालिका ६: उद्योग/व्यवसायको आकार अनुसार कोभिड महामारी अगाडिको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | असार | मंसिर |
|---|---|---|
| घरेलु उद्योग | २९.३९ | ४६.८४ |
| लघु उद्यम/साना खुद्रा व्यापार | २६.९३ | ५१.७९ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | २६.८२ | ४७.४५ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ३६.६३ | ४९.४४ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ४१.३३ | ५०.५५ |
| **राष्ट्रिय औसत** | **२८.७७** | **५०.५१** |

१२. गत असारको तुलनामा उद्योग/व्यवसायहरुले प्रदान गर्ने रोजगारीमा सुधार भएको देखिएतापनि कोभिड महामारी अगाडिको अवस्थामा भने पुग्न सकेको छैन। कोभिड महामारी अगाडिको तुलनामा गत असारमा ७७.५ प्रतिशत रोजगारी प्रदान गरेका उद्योग/व्यवसायहरुले मंसिरमा ८७.५ प्रतिशत रोजगारी प्रदान गरेको पाइएको छ। मझौला उद्योगहरुले प्रदान गरेको रोजगारी दर भने असारको तुलनामा घटेको देखिएको छ। मझौला उद्योगको नमुना संख्यामा होटल तथा रेष्टुरेन्ट क्षेत्रका उद्योग/व्यवसायहरुको बाहुल्यता रहेकाले मझौला उद्योगले प्रदान गर्ने रोजगारीको दरमा थप कटौती हुन गएको अनुमान छ (तालिका ७)।

**तालिका ७: उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडिको तुलनामा रोजगारीको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | असार | मंसिर |
|---|---|---|
| घरेलु उद्योग | ६९.४८ | ८६.५५ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ७२.२० | ९५.७६ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | ७९.०४ | ८५.०९ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ८३.०७ | ७१.४९ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ८६.०२ | ८६.६६ |
| **राष्ट्रिय औसत** | **७७.५०** | **८७.५१** |

१३. गत असारको तुलनामा उद्योग/व्यवसायहरुको औसत तलब–ज्याला खर्चमा वृद्धि भएको पाइएको छ। कोभिड महामारी अगाडिको तुलनामा गत असारमा ६३.४ प्रतिशत रहेको यस्तो खर्च मंसिरमा आइपुग्दा ७०.४ प्रतिशत पुगेको देखिएको छ। यद्यपि असारको तुलनामा खानी तथा उत्खनन, सञ्चार र शिक्षा क्षेत्रका उद्योग/व्यवसायहरुको औसत तलब–ज्याला खर्च घटेको पाइएको छ (तालिका ८)।

**तालिका ८: औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडिको तुलनामा औसत तलब–ज्याला खर्च (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | असार | मंसिर |
|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ७१.३८ | ७८.७८ |
| खानी तथा उत्खनन | ८३.३३ | ८१.२५ |
| उत्पादनमूलक उद्योग | ६८.५१ | ८३.७६ |
| विद्युत, ग्याँस तथा पानी | ४७.८७ | ९२.५० |
| निर्माण | ६७.८७ | ८१.३३ |
| थोक तथा खुद्रा व्यापार | ६३.५२ | ७१.७७ |
| होटल तथा रेष्टुरेन्ट | ३८.१३ | ५६.३५ |
| यातायात तथा भण्डारण | ५६.०० | ८०.०० |
| सञ्चार | ६९.६४ | ५९.०९ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ६५.९० | ७८.१४ |
| शिक्षा | ७४.५२ | ५३.९७ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ८०.४३ | ८१.६७ |
| अन्य क्षेत्रहरु | ६०.१० | ६८.८९ |
| **राष्ट्रिय औसत** | **६३.४०** | **७०.३९** |

१४. गत असारको तुलनामा उद्योग/व्यवसायको आकार अनुसार सबै प्रकारका उद्योग/व्यवसायको औसत तलब–ज्याला खर्च वृद्धि भएको पाइएको छ (ताकि ९)।

**तालिका ९: उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडिको तुलनामा औसत तलब–ज्याला खर्च (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | असार | मंसिर |
|---|---|---|
| घरेलु उद्योग | ५७.१७ | ६७.४७ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ५८.१६ | ६७.४७ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | ६४.७० | ७५.१६ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ७१.७९ | ७९.६८ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ६६.६४ | ८३.७८ |
| **राष्ट्रिय औसत** | **६३.४०** | **७०.३९** |

१५. सर्वेक्षणमा सहभागीहरुमध्ये धेरैले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ब्याजदरमा सहुलियत प्राप्त गरेको देखिन्छ (तालिका १०)।

**तालिका १०: प्राप्त सहुलियत/सुविधाहरुको प्राथमिकता**

| सहुलियतको किसिम | प्राप्त सहुलियतको प्राथमिकता |
|---|---|
| ब्याजदर सहुलियत | प्रथम |
| कर्जा पुनरतालिकीकरण | दोस्रो |
| सहुलियत कर्जा | तेस्रो |
| पुनरकर्जा | चौंथो |

१६. सर्वेक्षणमा सहभागी अधिकांश उद्योग/व्यवसायहरुले बजार माग घटेर कारोबारमा ह्रास आएको, सञ्चालन खर्च (तलब-ज्याला, घरजग्गा भाडा तथा ब्याज खर्च) धान्न कठिनाइ भएको, थप कर्जा प्राप्त गर्न कठिनाइ भएको जस्ता समस्याहरु रहेको बताएका छन् (तालिका ११) ।

**तालिका ११: उद्योग/व्यवसायहरुले भोगेका समस्याहरु**

| समस्या | प्राथमिकता |
|---|---|
| बजार माग घटेर कारोबारमा ह्रास आएको | पहिलो |
| सञ्चालन खर्च धान्न कठिनाइ भएको | दोस्रो |
| थप कर्जा प्राप्त गर्न कठिनाइ भएको | तेस्रो |
| पूँजी र तरलता व्यवस्थापनमा भएको | चौथो |
| बैंकको सहयोग प्राप्त नभएको | पाँचौ |

## घ. निष्कर्ष

१७. सर्वेक्षण नतिजाअनुसार २०७७ असारको तुलनामा २०७७ मंसिरमा उद्योग/व्यवसाय सञ्चालनमा सुधार आएको देखिएको छ । साथै असारको तुलनामा उद्योग/व्यवसायहरुको उत्पादन एवम् कारोबारको अवस्था तथा रोजगारीको अवस्थामा समेत सुधार आएको देखिन्छ । यद्यपि कोभिड-१९ पूर्वको अवस्थामा उद्योग/व्यवसायहरु सञ्चालन हुन भने सकेका छैनन् ।

१८. उद्योग/व्यवसायहरुले बजार माग घटेर कारोबारमा ह्रास आएको, सञ्चालन खर्च धान्न कठिनाइ भएको तथा थप कर्जा प्राप्त गर्न कठिनाइ भएको जस्ता समस्याहरु अगाडी सारेका छन् ।